DOI : https://doi.org/10.3126/kaladarpan.v3i1.55213

# नीरवताको सौन्दर्यशास्त्रका आधारमा 'प्रिय मौनता' को विश्लेषण

# Analysis of 'Priya Maunata' on the basis Nirawata's Beauty of silence

**निमग्ना घिमिरे**
उप-प्राध्यापक, नेपाली विभाग
त्रि.वि, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं
Email: nimagna.ghimire@gmail.com

**सार** : *प्रस्तुत लेखमा नीरवताको सौन्दर्यशास्त्रका आधारमा नेत्र एटमद्वारा रचित 'प्रिय मौनता' उपासना कवितासङ्ग्रहका कविताको विश्लेषण गरिएको छ । नीरवताको सौन्दर्यशास्त्र साहित्य सृजनामा नीरवता वा मौनताको महत्त्व तथा गरिमा र साहित्यिक कृतिमा चित्रित मौनतासम्बन्धी प्रस्तुतिको विश्लेषणमा केन्द्रित हुन्छ । यस अध्ययनमा नीरवताको सौन्दर्यशास्त्रसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा प्रस्तुत कवितासङ्ग्रहका कवितामा चित्रित मौनता र यसको महत्त्व तथा गरिमासम्बन्धी प्रस्तुतिको विश्लेषण गरिएको छ । मौनताको उपासनामा केन्द्रित प्रस्तुत कवितासङ्ग्रहका कवितामा मौनतामा अचेतनको अभिव्यञ्जनाका साथै व्यक्ति वा सर्जकको आत्मविस्फोट हुने र सबाल्टर्न जीवनको अभिव्यञ्जना तथा जीवनको अन्तर्यात्रा पनि सम्भव हुन्छ भन्ने प्रस्तुति पाइन्छ । प्रस्तुत अध्ययन 'प्रिय मौनता' का कवितामा अचेतनको अभिव्यञ्जना तथा आत्मविस्फोट, सबाल्टर्न जीवनको अनुगुञ्जन र जीवनको अन्तर्यात्रासम्बन्धी केकस्तो प्रस्तुति पाइन्छ भन्ने समस्यामा केन्द्रित छ । यसर्थ प्रस्तुत अध्ययनको उद्देश्य 'प्रिय मौनता' का कवितामा अचेतनको अभिव्यञ्जना तथा आत्मविस्फोट, सबाल्टर्न जीवनको अनुगुञ्जन र जीवनको अन्तर्यात्रासम्बन्धी प्रस्तुति पहिल्याउनु हो । यसमा पुस्तकालयीय पद्धतिबाट प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीको सङ्कलन गरिएको छ र नीरवताको सौन्दर्यशास्त्रीय अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गरेर निगमन विधिबाट विश्लेषण गरी प्रस्तुत कवितासङ्ग्रह नीरवताको सौन्दर्यशास्त्रीय दृष्टिकोणबाट हेर्दा मौनताको अभिव्यञ्जना गर्न सफल र सबल बन्न पुगेको निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्द** : उपासना कविता, नीरवता, अचेतन, आत्मविस्फोट, सबाल्टर्न ।

**Abstract** : *In the article presented, the poems of 'Priya Maunata' written by Netra Atom, based on aesthetics, have been analysed. The aesthetics of silence focused on the analysis of the presentation of the significance of literature creation, silence or silence, and the dignity and the presentation of literary work depicted silence. The presentation of the significance and dignity of the poems presented on the basis of theoretical belief regarding aesthetics of this study is analyzed.*

**Key words**: worship poetry, silence, unconscious, self-explosion, subaltern.

## विषयपरिचय

प्रखर समालोचकका रूपमा सुपरिचित नेत्र एटम कविका रूपमा पनि उत्तिकै सक्रिय र परिचित छन् । फुटकर रूपमा थुप्रै कविता, गीत, गजल आदि प्रकाशित भइसकेका नेत्र एटमको *प्रिय मौनता* (२०७७) पहिलो प्रकाशित कवितासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहमा जम्मा बयसट्ठीवटा उपासना कविताहरू सङ्गृहीत छन् । मुक्त लयमा संरचित यस सङ्ग्रहका कविताहरूलाई 'प्रणयको प्यासन', 'प्रमुदित प्रकृति', 'अभीप्साको उद्‌बोधन', 'स्मृतिको क्याराभान' र 'उपासनाको आलोक' जस्ता पाँचवटा खण्डहरूमा वर्गीकरण गरी राखिएको छ। यसका सबैजसो कविताहरूमा कवि एटमले मौनताको उपासना गरेका छन् । त्यसैले यस सङ्ग्रहका कविताहरुलाई नयाँ ढङ्गले परिभाषित गरी उपासना कविता भन्ने पृथक् पहिचान दिइएको छ।

अङ्ग्रेजी भाषाको Silence भनिने शब्दको समानार्थी नेपाली शब्द मौनता वा नीरवता हो । मौनता भन्नाले मौन रहेको अवस्था वा भाव भन्ने बुझिन्छ भने नीरवताले आवाज नगर्ने वा नीरव हुनाको भाव वा अवस्थालाई बोध गराउँछ । मौनता वा नीरवतासम्बन्धी पाश्चात्य साहित्यशास्त्रीय समालोचना पद्धति नै नीरवताको सौन्दर्यशास्त्र (The Aesthetics of Silence) हो । नीरवताको सौन्दर्यशास्त्रको प्रतिपादन अमेरिकी लेखक सुजन सोन्ट्याग (Susan Sontag) ले गरेकी हुन् । यस सिद्धान्तअन्तर्गत सोन्ट्यागले कला अनि कला सिर्जनामा नीरवताको महिमा वा गरिमाका बारेमा चर्चा गरेकी छन् । नेत्र एटमद्वारा सिर्जित *प्रिय मौनता* कविता सङ्ग्रहमा पनि कवि एटमले मौनतालाई विशेष महत्त्वका साथ चित्रण गरेको पाइन्छ त्यसैले नीरवताको सौन्दर्यशास्त्रका आधारमा एटमको *प्रिय मौनता*का कविता विश्लेषणीय छन् । प्रस्तुत अध्ययन*प्रिय मौनता*का कवितामा अचेतनको अभिव्यञ्जना तथा आत्मविस्फोट, सबाल्टर्न जीवनको अनुगुञ्जन र जीवनको अन्तर्यात्रासम्बन्धी केकस्तो प्रस्तुति पाइन्छ भन्ने समस्यामा केन्द्रित छ। यसर्थ *प्रिय मौनता*का कवितामा अचेतनको अभिव्यञ्जना तथा आत्मविस्फोट, सबाल्टर्न जीवनको अनुगुञ्जन र जीवनको अन्तर्यात्रासम्बन्धी प्रस्तुति पहिल्याउनु यस अध्ययनको उद्देश्य रहेको छ । यसमा नीरवताको सौन्दर्यशास्त्रका आधारमा *प्रिय मौनता*का कवितामा अचेतनको अभिव्यञ्जना तथा आत्मविस्फोट, सबाल्टर्न जीवनको अनुगुञ्जन र जीवनको अन्तर्यात्रासम्बन्धी केकस्तो प्रस्तुति पाइन्छ भन्ने जिज्ञासाको समाधान गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा पुस्तकालयीय पद्धतिबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलन गरिएको छ । यस अध्ययनमा नेत्र एटमद्वारा रचित *प्रिय मौनता* कवितासङ्ग्रहलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा लिइएको छ भने नीरवताको सौन्दर्यशास्त्रीय अध्ययनका सन्दर्भमा विभिन्न सैद्धान्तिक एवम् प्रायोगिक ग्रन्थहरूबाट प्राप्त सामग्रीलाई द्वितीयक स्रोतको सामग्रीका रूपमा लिइएको छ। यी दुवै प्रकारका सामग्रीको समुचित प्रयोग गरेर नीरवताको सौन्दर्यशास्त्रका आधारमा नेत्र एटमद्वारा रचित प्रिय मौनता कवितासङ्ग्रहका कविताको अध्ययननका लागि सैद्धान्तिक ढाँचा तयार गरी निगमन विधिबाट विश्लेषण गरेर निष्कर्ष निकालिएको छ।

## नीरवताको सौन्दर्यशास्त्रका आधारमा कविता विश्लेषणको सैद्धान्तिक ढाँचा

'नीरव' शब्दको शाब्दिक अर्थ 'आवाज नभएको, कुनै प्रकारको शब्द नआउने, निश्शब्द वा आवाज नगर्ने, शब्द ननिकाल्ने' भन्ने हुन्छ । त्यसैगरी 'मौन' शब्दको शाब्दिक अर्थ 'नबोल्ने नियम वा क्रिया, चुप' भन्ने हुन्छ । 'नीरवता' शब्दले नीरव हुनाको भावलाई र 'मौनता' शब्दले मौन हुनुको भावलाई बोध गराउँछन् । नेपालीमा नीरवता शब्दको समानार्थी शब्दका रूपमा मौनता वा सन्नाटा शब्दलाई लिने गरिन्छ । यसका निम्ति अङ्ग्रेजीमा Silence शब्द प्रयोगमा आउँछ । मौनताका सन्दर्भमा कवि एटमले लेखेका छन्–

मौनता सन्दर्भ-गर्भित आवाज हो । शब्दबिनै

यसले प्रतिरोध प्रदर्शन वा अरूप्रति समानुभूति सिर्जनाको प्रयास गर्छ । यसमा मधुर शिष्टाचारको शक्ति पनि हुन्छ तर यी सबैभन्दा बढी मौनता ब्रह्माण्डीय प्रेमको, प्रशान्त प्रकृतिको, विगतको स्मृतिको, बुद्धको चिन्तनको र समग्रमा संवेदना बैखरी हुनुअघिको भाषा हो । मौनता भनेको रिक्तता होइन, बरु भन्न बाँकी कुराहरूको राशि हो । बाहिर त आवाजविहीन देखिन्छ मौनता तर, त्यसमा भित्रभित्र वाणीको लहर चलायमान हुन्छ । यस्तो गतिशील- जस्तो कि समुद्री गहिराइमा प्रवाहित भइरहने धार । यस्तो शक्तिशाली- जस्तो कि विस्फोटका निम्ति तयार पृथ्वीको लाभा । यति रूपान्तरणकारी- जस्तो कि अत्याचारको प्रतिरोधमा अन्तरमा बलिरहेको भुसको आगो । (एटम, २०७७, पृ. १११-११२)

सुजन सोन्ट्यागले नीरवताको सौन्दर्यशास्त्रमा कलालाई आध्यात्मिकतासँग जोडेर चर्चा गरेकी छन् । उनका अनुसार प्रत्येक युगले आध्यात्मिकता (योजना, शब्दावली, पीडादायी वा दर्दनाक संरचनागत विरोधाभाषहरूमा निहित मानवीय अवस्थामा विभिन्न दृष्टिकोण बनाई त्यसलाई व्यवहारमा उतार्ने दृढ सङ्कल्प, पूर्ण मानवीय चेतनामा, श्रेष्ठतामा) लाई फरक किसिमले परिभाषित गर्छ । आधुनिक युगमा आध्यात्मिकता परियोजनाका लागि सबैभन्दा सक्रिय रूपकहरूमध्ये एक कला हो । कला आफैँमा रहस्यमयताको एउटा रूप हो; सङ्कटपश्चात् त्यसलाई सहज किसिमले सहन गर्ने; पुराना कलात्मक लक्ष्यहरूलाई आक्रमण गरी स्पष्ट रूपमा प्रतिस्थापन गर्नु; चेतनाको नक्सालाई बढाएर पुनः चित्रण गर्नु हो । तर विभिन्न सानासाना सङ्कटहरू मान्छेले झेल्दै जान्छ र त्यसले एकीकृत रूप लिएपछि एक किसिमको शक्ति निर्माण हुन्छ अनि कलाको रूप लिन्छ वा कला जन्मन्छ; त्यही नै आधुनिक युगको कला हो । आधुनिक युगमा कला दर्शकहरूसँग सम्पर्क बनाउने मुख्य आकृति हो । चित्रकार, कवि, सङ्गीतकार, नर्तक आदि सबैलाई कलाकारका रूपमा लिँदै सोन्ट्यागले कला सिर्जनाका लागि मौनता अत्यावश्यक हुने उल्लेख गरेकी छन् (सोन्ट्याग, सन् १९६७) । मौनतालाई परिभाषित गर्दै समसामयिक युगमा यसको महत्त्वका बारेमा समालोचक पुष्प दमाईं प्रस्ट पार्दै लेख्छन्–

हाम्रो युग कर्णभेदी कोलाहलको हो; कोलाहलले भिड जन्मिन्छ, समाज होइन; म, तिमी, ऊ, त्यो इत्यादिलाई केवल मौनताले जोड्दछ- जसको गुँदबिना न त कुनै सम्बन्ध नै सम्भव छ, न त प्रेममय संसार नै । ....आवाजको आफ्नै महत्त्व र गरिमा हुन्छ तर जब आवाज हल्लामा समेटिएर हराउँछ, त्यो अर्थ ज्ञान वा न्याय उपार्जनबाट वञ्चित हुनपुग्छ । अमेरिकी लेखक सुजन सोन्ट्यागले आफ्नो *आमूल परिवर्तनकारी अभिलाषाका शैलीहरू* नामक पुस्तकमा यस अवस्थाको चित्रण गर्दै लेखेकी छन्ः "जब जब भाषाको प्रतिष्ठा खस्किन्छ, मौनताको महिमा बढेर जान्छ ।" यही महिमामय मौनताको गरिमा बखान गर्ने र त्यसको महत्तालाई समाजमा पुनःस्थापना गर्ने साहित्यलाई सोन्ट्यागले 'नीरवताको सौन्दर्यशास्त्र' नामकरण गरेकी छन् (दमाईं, २०७७, पृ. ९१-९२) ।

सोन्ट्यागका अनुसार मौनता परम्परागत सोचाइलाई अन्त्य गर्दै कलाकारको आत्मचेतनाको अन्तर्विरोधको गम्भीर उपयोग हो । मौनता एक किसिमले ध्यानस्थ हुनु तथा आध्यात्मिक रूपले परिपक्व हुनु हो र जसले गर्दा पहिलाको पीडाको अन्त्य गर्नका लागि बोल्न सक्ने क्षमता/अधिकार पनि प्राप्त हुन्छ । आधुनिक युगमा मौनता कलाकारका लागि विश्वसामु कला प्रस्तुत गर्नका लागि एक अन्तिम सूचक वा सङ्केत हो । मौनताद्वारा उसले आफूलाई दासत्वको बन्धनबाट मुक्त गर्दछ । उनका अनुसार हाम्रो समयको कला कोलाहलमय छ, जसले मौनताको खोजी वा निवेदन गर्दछ मौनताको बयानले

कलाकारलाई पहिलेभन्दा बढी गतिविधिमा दृढ विकल्प लिने सङ्केत गर्दछ । मौनताले कलाकारलाई कला सिर्जनाका लागि ध्यान केन्द्रित गर्न सहयोग पुऱ्याउँछ । मौनताको प्रयोग कलाकारले अनुपस्थित वा त्याग गरेको विचार प्रमाणित गर्न, सोचाइको पूर्णता प्रमाणित गर्न, विचारको अन्वेषण वा निरन्तरताका लागि समय प्रदान गर्न, आवाजको अधिकतम अखण्डता वा गम्भीरतालाई प्रस्तुत गर्न तथा कुनै पनि कुराप्रति ध्यान केन्द्रित गर्न र मनन गर्नका लागि गर्न सक्दछ। अतः कलालाई सुसज्जित बनाउन पनि कलाकारलाई मौनताले मद्दत पुग्छ (सोन्ट्याग, सन् १९६७) ।

नीरवताको सौन्दर्यशास्त्रमा सोन्ट्यागले कला सिर्जना र मौनताका बारेमा चर्चा गर्ने क्रममा मानवको अन्तर्मन भनेर उल्लेख गरेकी छन् । यसबाट सोन्ट्यागले सिग्मन्ड फ्रायडले प्रतिपादन गरेको मनसम्बन्धी सिद्धान्त, मनको संरचना तथा कार्य, मनका चेतन, अर्धचेतन वा अवचेतन अनि अचेतन मन र तीमध्ये पनि अचेतन मनका बारेमा सङ्केत गरेको देखिन्छ। सुजन सोन्ट्यागले चर्चा गरेको नीरवता, फ्रायड र ज्याक लकानको मनोवैज्ञानिक सिद्धान्तलाई समेत जोड्दै समालोचक पुष्प दमाईं यसो भन्छन्-

> चेतन मनका कोलाहल र तर्कपरायण संसारको आकलनहरूमा जकडिएका व्यक्तिहरूबिच नयाँ सम्भावना नै कहाँ रहन्छ र ! त्यसका लागि त हाम्रो अचेतन मनको रहस्यमयी गहिराइभित्र डुबुल्की लगाउनु जरुरी हुन्छ, जसका अराजक चाहनाहरूलाई हाम्रो सुपर इगोले हरपल तर्क र विवेकको कठघरामा थुनेर, दमन गरेर, चुप लगाइराखेको हुन्छ। अवचेतन मनले बोल्ने भाषा हाम्रो व्याकरणबद्ध भाषाभन्दा निकै फरक हुन्छ । ज्याक लकानको मनोविज्ञान सिद्धान्तअनुसार अचेतनको भाषा आम्लेटी, गोलमटोल, दमित र मौन हुन्छ- एउटा नवजात शिशुको अस्तित्वजस्तो । यो भाषापूर्वको मानव अस्तित्वको अवस्था हो; कुनै 'व्यक्ति' हुनुअघिको मौनताको मानसिक र शारीरिक अवस्था हो (दमाईं, २०७७, पृ. ९६) । यसरी सोन्ट्यागले कला सिर्जना र मौनताको चर्चा गर्दा अन्तर्मन अर्थात् मनको अचेतन तहलाई र त्यसको भाषालाई पनि सङ्केत गरेको देखिन्छ।

त्यसैगरी सोन्ट्यागको नीरवताको सौन्दर्यशास्त्र र सबाल्टर्नवादबिच द्वन्द्वात्मक सम्बन्ध छ। दमनकारी आवाजहरूको साम्राज्यभित्र अभिव्यक्तिको कुनै साधन र पहुँचको अभावमा पिल्सिएको एउटा सीमान्तकृत मौन अभिव्यक्ति हो सबाल्टर्न । नीरवताको सौन्दर्यशास्त्रका हरेक कृति सबाल्टर्नवादी हुन्छन्; यस अर्थमा कि ती कृतिहरूले सामाजिक, सांस्कृतिक, ऐतिहासिक र राजनीतिक प्रभुत्वमा बलि चढेका निरुत्तर प्रजा (सब्जेक्ट) को मौनतालाई उद्‌घाटन गर्छन् (दमाईं, २०७७, पृ. ९८) । सबाल्टर्न पनि बाहिरबाट मौन देखिए पनि उनीहरूको अन्तरर्मनमा भित्रभित्रै अत्याचारको प्रतिरोधमा आगो बलिरहेको हुने अर्थात् विरोध र विद्रोहको भावना विकास भइरहेको हुन सक्ने र एक्कासि प्रतिरोधका रूपमा बाहिर प्रकट हुन सक्ने कुरालाई स्विकार्न सकिन्छ।

नीरवताको सौन्दर्यशास्त्रमा सोन्ट्यागले कलाका बारेमा चर्चा गर्दै कला सिर्जनामा मौनताको उल्लेख्य भूमिका रहने बताएकी छन् । उनले कलाकारले मौनताको खोजी गर्ने अनि एकाग्र वा ध्यानकेन्द्रित भएर कला सिर्जनामा तल्लीन हुन सक्ने, त्यसरी सिर्जना भएको कला सुन्दर र श्रेष्ठ हुने बताएकी छन् । यसरी मौनताको खोजी गर्दै गर्दा कलाकारको अन्तर्मन भने मौन नभई भित्रभित्रै हलचल हुने, अनेक चिन्तन विकास हुने र अन्त्यमा कलाका रूपमा बाहिर प्रस्फुटन हुने सोन्ट्यागको विचार छ। अतः यस लेखमा नीरवताको सौन्दर्यशास्त्रीय अध्ययनका लागि तीनवटा आधार (१) अचेतनको अभिव्यञ्जना तथा आत्मविस्फोट, (२) सबाल्टर्न जीवनको अनुगुञ्जन, र (३) जीवनको अन्तर्यात्रासम्बन्धी अवधारणालाई सैद्धान्तिक ढाँचाका रूपमा लिई *प्रिय मौनता*का कविताको विश्लेषण

गरिएको छ :

## परिणाम र विमर्श

नेत्र एटमद्वारा रचित *प्रिय मौनता* गद्यशैलीमा संरचित कविताहरूको सङ्कलन हो । यस सङ्ग्रहका सबैजसो कवितामा कविले मौनतालाई विशेष महत्त्व दिएका छन् भने सङ्ग्रहको शीर्षकीकरण नै 'प्रिय मौनता' भनेर गरिएको छ । प्रस्तुत सङ्ग्रहका कविताहरूमा हाम्रो अन्तरङ्ग जीवनका साथै कला सिर्जनामा समेत मौनताको अहम् भूमिका हुन्छ भन्ने दृष्टिकोण अभिव्यञ्जित भएको पाइन्छ । यस सङ्ग्रहका कविताहरूमा मौनताले हाम्रो सामाजिक जीवन सुदृढ पार्नदेखि लिएर आध्यात्मिक पक्षसँग साक्षात्कार गराउन सक्ने र कला सिर्जना गर्नसमेत सहयोग पुऱ्याउँछ भन्ने कविको विचार प्रस्तुत छ ।

मौनतालाई प्रिय ठान्ने कवि एटम मौनताका अवस्थामा आफ्ना अन्तर्मनमा रहेको प्रणय भाव प्रकट गर्छन् भने मौन प्रकृतिको आवाज पनि सुन्छन् अनि अतीतका तिता-मिठा, मिलन-बिछोडका कुरा पनि सम्भिmन्छन्; साथै जीवनमा स्वतन्त्रताको खोजी गर्दै बुद्धको जस्तै ज्ञानको ज्योति बालेर शान्तिको सन्देश फैलाउने चाहना पनि राख्छन् । मौनताले कविलाई कोलाहलमय बाहिरी संसारबाट अन्तर्मनको संसारमा विचरण गर्न सहयोग पुगेको देखिन्छ । कविले आफैँभित्रको चेतन र अचेतन मनका बिचको द्वन्द्व र अन्तर्मनमा दबेर बसेका विविध चाहना तथा भावनाको प्रकटीकरण गर्दै सुन्दर र स्वतन्त्र रूपले जीवन बाँच्ने चाहनासमेत यसका कवितामा अभिव्यक्त गरेका छन् । प्रस्तुत सङ्ग्रहका कवितालाई नीरवताको सौन्दर्यशास्त्रका आधारमा निम्नबमोजिमका उपशीर्षकअन्तर्गत विश्लेषण गरिएको छ :

### अचेतनको अभिव्यञ्जना तथा आत्मविस्फोट

अचेतन मनको अभिव्यञ्जना पाइने एटमको *प्रिय मौनताका* कवितामा फ्रायडको अचेतन मनसम्बन्धी मान्यता, ज्याक लकानले गरेको फ्रायडको अचेतन मनसम्बन्धी सिद्धान्तको पुनर्व्याख्या र मनको भाषासम्बन्धी दृष्टिकोण अनि सोन्ट्यागको नीरवताको सौन्दयशास्त्रीय नीरवता वा मौनतासम्बन्धी मान्यताको सम्मिश्रण पाइन्छ । फ्रायडका अनुसार मनका चेतन, अर्धचेतन र अचेतन गरी तिन तह हुन्छन् । तीमध्ये चेतन वर्तमानमा हामीले सचेत भएर गर्ने हरेक मानसिक प्रक्रियासँग सम्बन्धित हुने मनको सबैभन्दा सानो खण्ड वा तह हो । चेतन र अचेतन मनको बिचमा अवस्थित हुने अर्धचेतन मनचाहिँ व्यक्तिका वर्तमानका विचार तथा अनुभूतिसँग सम्बन्धित हुँदैन तर पनि यस तहमा भएका अनुभूति चेतन मनका तहमा प्रकटित हुन सक्छन् । मनका तहहरूमध्ये सबैभन्दा तल्लो र ज्यादै फराकिलो तह वा खण्ड अचेतन मन हो । व्यक्तिले तत्कालै पूरा गर्न नपाएका इच्छाहरू अर्धचेतन मन हुँदै अचेतन मनका तहमा गएर बस्छन् (एम.सि. लिउड, सन् २०१५) । फ्रायडले अचेतन मनलाई नै साहित्य सृजनाको आधार मानेका छन् । चेतन मन बाहिरी कोलाहलमय संसारसँग सम्बन्धित हुने हुनाले सोन्ट्यागले मौनताको चर्चा गर्ने क्रममा कला सिर्जनाका लागि अन्तर्मनमा मनन गर्नुपर्ने उल्लेख गरेकी छन् जसले फ्रायडले भनेजस्तो कला सिर्जनाको स्रोत अचेतन मनलाई लिन खोजेको देखिन्छ । त्यसैगरी सोन्ट्यागले गरेको अन्तर्मनको भाषासम्बन्धी चर्चा लकानको मनोविज्ञान सिद्धान्तसँग नजिक देखिन्छ । लकानले शिशु (६ महिनादेखि १८ महिनाको समयावधिमा) ले आफ्नो शरीरलाई अनियन्त्रित अनुभूति वा अव्यवस्थित मानव 'अमलेट' का रूपमा अनुभव गर्छ; आफ्नो जैविक शरीरको अनियन्त्रित अनुभूति र ऐनामा देखिने प्रष्ट प्रतिबिम्बबिचको बेमेलका कारण पीडायुक्त पृथक्ताको अनुभव गर्छ । ऐना प्रकरण शिशुको जीवनमा ६ महिनादेखि १८ महिनाको समयावधिमा घटित हुने भए तापनि यसै अवधिभित्र घटित हुने परिकल्पना पद्धति भने मानिसको जीवनभरि नै चलिरहन्छ (उप्रेती, २०६९, पृ. ५५) । अतः त्यस अवधिमा प्रतिबिम्बित हुने यथार्थ अमलेटजस्तो अव्यवस्थित र मिश्रणयुक्त हुन्छ ।

नेत्र एटम आफ्ना कविता सृजनामा अचेतन मनको अहम् भूमिका देख्छन् भने मौनताको पनि उत्तिकै भूमिका र महत्त्व रहेको ठान्छन्।। त्यसैगरी उनी मौनताको उद्गमस्थल चेतन मन नभएर अर्धचेतन र अचेतन मन भएको सङ्केत गर्छन् अनि अचेतनको आवाज अम्लेटजस्तो हुने विचार व्यक्त गर्छन् । प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत 'प्रिय आविष्कार' शीर्षकको कवितामा कविले नयाँ आविष्कार वा सृजनाका लागि अचेतन मनको प्रमुख भूमिका हुने, अचेतनमा जमेर बसेको चाहना कुनै कुराको माध्यमबाट जागृत भई प्रवाहित हुन थाल्ने अनि अन्तर्मन तथा अन्तर्बोधको पिँधबाट एक्कासि प्रकटीकरण हुने वा आविष्कार सम्भव हुने आशय प्रस्तुत गरेका छन् । त्यसरी अचेतनका पिँधबाट प्रकट हुने भाषा आमलेटी हुन्छ भन्ने कविको दृष्टिकोण यसमा प्रस्तुत छ । प्रस्तुत कविताको एउटा अंशलाई उदाहरणका रूपमा यहाँ उल्लेख गरिन्छ :

त्यसै पनि
जटिल हुन्छ
रहस्यको कोमल नाद
त्यसै पनि
उन्मुक्त हुन्छ
अचेतनको 'आमलिट' आवाज
मिसिएर अनेकौँ आसक्ति र अभिव्यञ्जना
जब सम्प्रेषण हुन्छ मेरो हृदयको भाषा
र
ग्रहण गर्न थाल्छ निर्बाध
तिम्रो चेतनाको गहिराइले
प्रवाहित हुन थाल्छन्
मेरा कोष-कोषबाट 'माइटोकोन्ड्रिया'
अनि निस्किन थाल्छ
अन्तर्मनमा
शास्वत स्वर
अपरिमित अभिप्राय (*प्रिय मौनता*, पृ. ३-४) ।

प्रस्तुत साक्ष्यमा अचेतन मनमा अनेकौँ आसक्तिहरू मिसिएर भण्डारण भएका हुने भएकाले त्यसको आवाज वा भाषा पनि आम्लेटी हुने कविको विचार अभिव्यञ्जित छ । जब 'तिमी' का माध्यमबाट चेतन झङ्कृत हुन्छ तब अचेतनमा जमेर बसेका चाहना बाहिर प्रकटीकरण हुने र त्यसले आविष्कारको स्वरूप ग्रहण गर्ने कविको दृष्टिकोण प्रस्तुत कवितामा अभिव्यक्त भएको छ ।

'अनन्त प्रवाह' शीर्षकको कवितामा 'म' ले ' तिमी' लाई भेट्ने चाहना गरेको, उसको पर्खाइको तिर्खा आफूमा रहेको, अन्तर्मनमा उसको याद जमेर बसेको, जाम छल्दै वा अचेतन मनका तहमा जमेका कैयौँ आसक्तिहरूलाई छल्दै र छिचोल्दै चेतन मनका तहमा प्रकटीकरण हुन आइपुगेको भाव प्रस्तुत गर्दै अचेतनको अभिव्यञ्जना गरिएको छ । त्यसैगरी 'अतीतको घनत्व' शीर्षकको कवितामा पनि अचेतनको अभिव्यञ्जना भएको पाइन्छ । यस कविताको एउटा अंश उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिन्छ :

नियाल्दै छु
हामी हिँडेको प्रिय गोरेटो
र आइरहेछ स्मृतिमा
आनन्दी यात्राको सुललित बिम्ब
झन्
झन्
गाढा बनेर (*प्रिय मौनता*, पृ. ६७) !

प्रस्तुत साक्ष्यमा 'म' ले यात्रा गर्दागर्दै उक्त बाटोमा अतीतमा 'तिमी' सँग साथमा यात्रा गरेको कुरा एक्कासि सम्झना भएको, 'तिमी' सँगको साथ निकै सुमधुर भएकाले वर्तमानमा यात्रा गर्दै गर्दा पनि उक्त गोरेटो निकै प्रिय लागेको र आफूलाई आनन्दको अनुभूति भएको भाव चित्रित छ । यसका साथै प्रस्तुत कवितामा 'म' ले ' तिमी' सँग विगतमा उक्त बाटोमा गरेको यात्राको सम्झना वर्तमानमा आफ्नो मन-मस्तिष्कमा ताजा भएर आएको, 'तिमी' का पाइलाका डोब देखेझैँ, 'तिमी' को श्वासको महक आइरहेझैँ अनुभूति भएको अर्थात् 'तिमी' सँगको साथको याद निकै गाढा भएर आएको आशय प्रस्तुत

छ । यसमा कतिपय अपूरा चाहना अचेतन मनका तहमा गएर जमेर बस्ने तर कहिलेकाहीँ एक्कासि चेतन मनका तहमा प्रकटित हुन सक्छन् भन्ने फ्रायडीय मनोविज्ञान र मौनताले अन्तर्मनका भाव प्रकटीकरणमा सहयोग पुऱ्याउँछ भन्ने सोन्ट्यागको नीरवताको सौन्दर्यशास्त्र दुवैका मान्यताको सम्मिश्रित प्रस्तुति पाइन्छ ।

वर्तमान युगको बाहिरी संसार कोलाहलमय छ । हाम्रो चेतन मन सामाजिक-सांस्कृतिक मूल्यमान्यता, कर्तव्य आदि कुराहरूसँग सम्बन्धित हुन्छ । यस्ता विविध कुराहरूले व्यक्तिका अनगिन्ति चाहना वा अभिलाषाहरू पूरा हुन सम्भव हुँदैन । फ्रायडले भनेझैँ व्यक्तिका अराजक चाहनाहरूलाई चेतन मन अनि इगो र सुपर इगोले हरेक क्षण नियन्त्रण गरिरहेका हुन्छन् तर पनि उसका चाहना त्यसै मरेर नगई अचेतन मनका तहमा गएर बसेका हुन्छन् भन्ने चित्रण एटमका कतिपय कवितामा गरिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहका थुप्रै कवितामा कवि एटमले अचेतनको अभिव्यञ्जना गरेका छन् । यस क्रममा कविले व्यक्तिले पूरा गर्न नपाएका अनेकौँ अभिलाषा तथा आसक्तिहरू अचेतन मनका तहमा जमेर बस्ने र कहिलेकाहीँ एक्कासि चेतनका तहमा आउने वा बाहिर प्रकट हुन पुग्छन् भन्ने आशयलाई प्रस्तुत गरेका छन् । नीरवताले अचेतनका भाव प्रकटीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने कविको विचार यसका कवितामा प्रस्तुत भएको पाइन्छ । यसका साथै मौनता वा नीरवताले व्यक्तिका भित्री वा अन्तर्मनका भाव विस्फोट भई बाहिर प्रकटीकरण हुन्छन् भन्ने प्रस्तुति पनि यस सङ्ग्रहका कतिपय कवितामा गरिएको छ ।

प्रस्तुत सङ्ग्रहको 'तिमीसित हिँड्दा त' शीर्षकको कवितामा कविले मौनताको चाहना प्रकट गरेका छन् । बाहिरी कोलाहलमय वातावरण आफूलाई मन नपरेको, आफूले प्रशान्त पोखरीझैँ शान्त वातावरणको आशा राखेको कुरा 'म' पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । यसमा मौनताले आत्मविस्फोट गराउनमा भूमिका खेल्ने कविले सङ्केत गरेका छन् । त्यसैगरी यसै सङ्ग्रहको अर्को कविता 'मौनताका रागहरू' मा कविले सिर्जनाका लागि आफूले मौनताको खोजी गरिरहेको भाव प्रस्तुत गरेका छन् । यसमा शब्दहरू भएर पनि खोक्रा भएका र आफ्ना अभिव्यक्तिहरू निस्तेज भएका छन् भन्दै मौनताले शब्दमा चुम्बकिलो नाद अनि अभिव्यक्तिहरूमा उन्माद भरिदिन सक्ने, गिलो माटो अनि सर्सराउँदो बतासको स्पर्शले खेतमा धान झुल्न सफल भएझैँ मौनताको आगमनले आफ्नो पनि साहित्य सिर्जना सफल र सबल बन्ने कविको आशय अभिव्यञ्जित छ । प्रस्तुत सङ्ग्रहका कतिपय कवितामा कविले मौनताले आत्मविस्फोट गराउनमा महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । कविता सिर्जनाका लागि वा नयाँ कुराको आविष्कारका लागि मौनता अत्यावश्यक छ भन्ने आशय यसका कवितामा प्रस्तुत भएको पाइन्छ ।

### सबाल्टर्न जीवनको अनुगुञ्जन

प्रभुत्वशाली वर्गको नियन्त्रण वा दमनमा पिल्सिरहेका सीमान्तकृत समुदायलाई सबाल्टर्न मानिन्छ । नीरवताको सौन्दर्यशास्त्रले मौनताको अवस्थामा बाहिरबाट मौन वा आवाजविहीन देखिए पनि भित्रभित्रै वाणीको लहर चलायमान हुने कुरालाई स्वीकारेको छ । समाजमा दबिएका वा दबाइएका क्षेत्र, जाति, वर्ग, लिङ्ग, आदि व्यक्ति वा समुदायलाई सबाल्टर्न भनिन्छ । अङ्ग्रेजीको सबाल्टर्न शब्दको नेपाली रूपान्तरण सीमान्तीय वा किनारीकृत भन्ने हुन्छ । सबाल्टर्नले जातजाति, वर्ग, धर्म, संस्कृति, लिङ्ग, पेसा, क्षेत्र इत्यादि दृष्टिले दमित वर्गलाई मात्र नजनाई शक्तिशाली पक्षबाट दमित अवस्थामा बाँच्न बाध्य पारिएका आम समाज र राष्ट्रको अधीनस्थताको अवस्थालाई पनि जनाउँछ (पौड्याल, २०७०, पृ. १३९) । सबाल्टर्नहरूमाथि प्रभुत्वशाली व्यक्ति वा वर्गले नियन्त्रण वा शासन चलाइरहेको हुन्छ । इटालियन मार्क्सवादी एन्टोनियो ग्राम्सीले एक समूहले अर्को समूहमाथि गर्ने नियन्त्रण वा शासनलाई प्रभुत्व भनेर परिभाषित गरेका छन् । उनका अनुसार अख्तियारीपूर्ण विचार र अभ्यासहरूको

निर्माण, निरन्तरता तथा पुनर्निर्माण गर्ने प्रक्रियालाई प्रभुत्वका रूपमा बुझ्न सकिन्छ । यसले अल्पसङ्ख्यक शासकवर्गले बहुसङ्ख्यक शासितवर्गमाथि लाद्ने सामाजिक अधिकार र नेतृत्वलाई सङ्केत गर्छ (ज्ञवाली, २०७३ : ४५ र ४६) । वर्गीय, जातीय, लैङ्गिक आदि दृष्टिकोणबाट सीमान्तीय बनेका व्यक्तिहरूले आफूमाथि भइरहेको दमनका विरुद्ध खुलेर आवाज निकालेर विरोध तथा विद्रोह गर्न नसकेका अवस्थामा मौन रहनु उनीहरूको बाध्यता हुनसक्छ तर सबाल्टर्न व्यक्तिहरू बाहिरबाट हेर्दा मौन देखिए पनि उनीहरूको अन्तर्मनमा चाहिँ आफूमाथि विभेद, दमन, शोषण, अन्याय र अत्याचार गर्ने व्यक्ति वा वर्गप्रति भने विरोध र विद्रोहको भाव जागृत भइरहेको हुन सक्छ भन्ने प्रस्तुति एटमको प्रस्तुत सङ्ग्रहका कतिपय कवितामा पाइन्छ ।

प्रस्तुत सङ्ग्रहमा सङ्कलित 'उन्यु' कवितामा बगैँचामा रोपेर स्याहार पाएको गुलाब जसरी उन्यु नफुल्ने, रजनीगन्धाले जसरी बास्ना पनि नछर्ने भए पनि उन्युभित्र फक्रिन बाँकी थुप्रै कुसुमहरू, जिन्दगीका उज्यालाहरू अनि आह्लादहरू अन्तर्निहित रहेका तर अझै उदाउन बाँकी छन् भन्ने आफूले थाहा पाएको, तिनको महक अनि आत्मीय आवाज छ भन्ने आफूलाई लागेको कविको भाव अभिव्यक्त छ । यस कवितामा गुलाफ र रजनीगन्धालाई प्रभुत्व वा वर्चस्वशाली वर्ग र उन्युलाई सबाल्टर्नको प्रतीकका रूपमा चित्रण गर्दै सबाल्टर्न बन्न बाध्य भएका व्यक्तिमा पनि क्षमता र प्रतिभा हुने तर प्रभुत्वशाली व्यक्ति वा वर्गसँग प्रतिस्पर्धा गर्न भने नसकेका र दमित भएर मौन बस्न बाध्य हुनुपरेको देखाइएको छ । यसमा कविले सबाल्टर्नका पीडालाई यसरी प्रस्तुत गरेका छन् :

मलाई थाहा छ
यही वेदनाको माटोमा
तिम्रो सालनाल गाडिएको रहस्य
र यो पनि थाहा छ
यही धर्तीबाट शिर उठाउँदै गरेको
अन्धकारको विभेद र क्रुरता पिएर
हुर्केका तिम्रा अँगालाभरिका अनुभव
अनि गर्भमै थुनिएका लाभाजस्ता
बाफ बन्न नसकेका तिम्रा सुस्केराहरू (प्रिय मौनता, पृ. २८) ।

उल्लिखित साक्ष्यमा सबाल्टर्नले प्रभुत्वशालीका विभेद, र क्रुर व्यवहारबाट भोग्नु परेका पीडा र वेदनालाई सहेर मौन बसेको देखिए पनि त्यसले भित्रभित्रै सुस्केराहरूकोरूप लिएको, ज्वालामुखी बनेर फुट्न र लाभाका रूपमा बाहिर प्रकटीकरण हुन भने बाँकी रहेको आशय व्यक्त भएको छ । यसमा कविले प्रभुत्वशाली व्यक्तिका विभेद र क्रूरतापूर्ण व्यवहार सहेर बस्न बाध्य भएका सीमान्तीय व्यक्तिहरू बाहिरबाट हेर्दा मौन देखिए पनि उनीहरूको भित्रभित्रै विभेद, दमन, अन्याय र अत्याचारका विरुद्ध विद्रोही भाव जागृत हुँदै गएको हुन सक्ने र त्यसले एक दिन ज्वालामुखीको रूप लिन सक्ने सङ्केत गरेका छन् । सबाल्टर्नमा पनि मौलिक विशेषता र क्षमता हुने भएकाले त्यसको कदर गर्दै उनीहरूको अस्तित्वलाई स्वीकारेर समान व्यवहार गर्नुपर्ने कविको दृष्टिकोण यसमा प्रस्तुत छ ।

प्रस्तुत सङ्ग्रहको अर्को कविता 'नङ्गेली ब्लुज' मा झन्डै १००- १५० वर्ष पहिले भारतको केरलाको चेरथल भन्ने गाउँमा बस्ने दलितमध्येको तल्लो मानिने एडवा जातिकी नङ्गेली नाम गरेकी एक महिला जसले दलित महिलाले स्तन ढाक्न नपाइने र कसैले ढाकेमा त्यसबापत कर तिर्नुपर्ने कानुनको प्रतिरोध गर्दै आफ्ना स्तन हँसियाले काटी करस्वरूप दिएकी र स्तन काटेका कारण अत्यधिक रक्तश्राव भई मृत्युवरण गर्न पुगेकी सचेत, साहसी र विद्रोही महिलाको ऐतिहासिक पक्षलाई प्रस्तुत गरिएको छ । यसमा सबाल्टर्न दलित महिलाले आफ्नै शरीरलाई पनि स्वतन्त्र ढङ्गले लिन नपाउने प्रभुत्वशाली पुरुषका इच्छानुसार र उनीहरूले तयार पारेको कानुनबमोजिम हिँडिनु वा हिँडिदिनुपर्ने बाध्यताका विरुद्ध सीमान्तीय महिलाहरूमा भित्रभित्रै विद्रोही भावना सिर्जना

भएको, तीमध्ये नङ्गलीले भने आफ्नै स्तन काटेर प्रतिरोध गरेको चित्रण गरिएको छ । प्रस्तुत कवितामा सबाल्टर्नहरू आवाजविहीन तथा मौनजस्ता देखिए पनि उनीहरूमा अन्तर्मनमा पीडक तथा दमकप्रति विरोध र विद्रोहको भाव जागृत भइरहेको हुनसक्छ र एक्कासि बाहिर प्रकटीकरण हुनसक्छ भन्ने आशय अभिव्यञ्जित छ ।

प्रस्तुत सङ्ग्रहको अर्को कविता 'सिल्भिया आफ्नै समाधिबाट' मा पनि सबाल्टर्न जीवनको अभिगुञ्जन पाइन्छ । यस कवितामा अङ्ग्रेजी कवि एवं आख्यानकार सिल्भिया प्लाथले महिला भएकै कारण समाज तथा लेखनका क्षेत्रमा विभेद सहनु परेको र उनले त्यस्तो विभेद सहन गर्न कठिनाइ परेका कारण डिप्रेसनको सिकार भई आत्महत्या गरेको घटनालाई सङ्केत गर्दै कविले लिङ्गका आधारमा सबाल्टर्नका रूपमा रहेकी सिल्भियाले त्यसरी मृत्युवरण गर्नु पनि मौन रूपमा वर्चस्वशाली दमक तथा पीडक पुरुष वर्गप्रतिको प्रतिरोध हो भन्ने आशय प्रस्तुत गरेका छन् ।

**जीवनको अन्तर्यात्रासम्बन्धी अवधारणा**

प्रस्तुत सङ्ग्रहका कवितामा मौनताको उपासना गर्ने क्रममा कविले जीवनको अन्तर्यात्रासम्बन्धी अवधारणा पनि प्रस्तुत गरेका छन् । यसका कतिपय कवितामा मौनता बाहिरबाट आवाजविहीन देखिए पनि त्यसमा भित्रभित्र वाणीको लहर चलायमान हुन्छ भन्ने कविको दृष्टिकोण अभिव्यञ्जित भएको पाइन्छ । यसमा समुद्रको पानी सतहमा हेर्दा शान्तजस्तो देखिए पनि त्यसका गहिराइमा धार प्रवाहित भइरहेझैँ कलाकार/कवि पनि बाहिरबाट मौन देखिए पनि उसका अन्तर्मनमा विविध भावहरूले वयली खेलिरहेका हुन सक्छन् भन्ने आशय चित्रित छ । यस सङ्ग्रहका प्रतीक्षा, अन्तर्संवाद, यात्रा आदि कवितामा जीवनको अन्तर्यात्रासम्बन्धी अवधारणा अभिव्यञ्जित भएको देखिन्छ ।

प्रस्तुत सङ्ग्रहको 'प्रतीक्षा' शीर्षकको कवितामा श्रमिकजस्ता सक्रिय चराहरू उड्न थालिसकेका, अन्धकार हटेर उज्यालो छाउन थालेको भन्दै उषाको आगमनको प्रतीक्षा अब समाप्त भएको र उषाको उज्यालो सँगालेर जीवन यात्राको थालनी गर्ने चाहना आफूलाई भएको कविको आशय अभिव्यक्त छ । त्यसैगरी 'अन्तर्संवाद' शीर्षकको कवितामा कविले बुद्धको अन्तर्मुस्कानले आफूलाई बाँधेको, बुद्धको चेतनाको लयले झङ्कृत पारेको, बुद्धकै अभ्यागत भएर आफूलाई पनि बस्न मन लागेको अनि बुद्धकै ज्योतिर्पुञ्जको निकट मुक्तिको सञ्चरणमा कावा खाँदै जीवनपर्यन्त निमीलित हुन मन लागेको भाव व्यक्त गरेका छन् । यसमा कविले आफूलाई बुद्धले देखाएको बाटोमा नै यात्रा गर्ने चाहना भएको भावलाई यसरी व्यक्त गरेका छन् :

आफैँभित्रको दीपसँग बलेर
त्यही आलोकको बाटो भएर
शान्तिको शरणमा जान्छु...
ज्ञानको गङ्गामा जान्छु...
उज्यालोको आँगनमा जान्छु...
बुद्धम् शरणम् गच्छामि (प्रिय मौनता, पृ. ७९) !

उल्लिखित साक्ष्यमा बाहिरबाट मौन देखिए पनि कविको अन्तर्मनमा वाणीको लहर चलायमान भएको आशय अभिव्यञ्जित छ । यसमा कविले आफूलाई बुद्धकै जस्तो ज्ञानको गङ्गामा, उज्यालोको आँगनमा र शान्तिको शरणमा जान मन लागेको अर्थात् बुद्धकै शरणमा जाने चाहना भएको आशय प्रस्तुत गरेका छन् । यस कवितामा कविले बुद्धको ज्ञानको ज्योति, चेतना र अन्तर्मुस्कानले आफूलाई झङ्कृत पारेको, आफूलाई बुद्धकै ज्योतिर्पुञ्जको निकट जीवनपर्यन्त निमीलित हुन मन लागेको, आफू पनि बुद्धको जस्तै भित्र वा अन्तर्मनमा ज्ञानको ज्योति बालेर जीवनमा अघि बढ्न मन लागेको विचार व्यक्त गरेका छन् । प्रस्तुत कवितामा बाहिरबाट मौन वा नीरव देखिने सर्जकको मनभित्र पनि विविध किसिमका चाहना तथा विचारहरूको द्वन्द्व चलिरहेको हुनसक्ने, अन्तर्मन एकदमै हलचल भइरहेको हुनसक्ने, भित्रभित्रै उसले जीवनयात्राको योजना बनाउन पनि सक्ने

र कला सिर्जनाको परिकल्पना पनि गर्न सक्दछ भन्ने आशय प्रस्तुत भएको छ ।

यस सङ्ग्रहमा सङ्गृहीत अर्को कविता 'यात्रा' मा कविले आफूलाई हिजोको पर्दा उघारेर प्रत्येक पटक पुनर्जन्म लिन मन लागेको आशय प्रकट गरेका छन् । यसमा कविको अतीत मोह प्रकट भएको छ । उनले अतीतका विविध पक्षहरूको स्मरण गर्दै तिनबाट आनन्द लिने प्रयत्न गर्न खोजेको देखिन्छ। साथै कविले आफूलाई चराहरूको चिरबिरसँगै ब्युँझिरहेको शीतल बिहानसँगै घामको चस्मा लगाएर आजको गुरुत्वपूर्ण संसार हेर्न मन लागेको, आकाशको सम्पूर्णतामा पङ्ख फैलाइरहेको बादलको आकारलाई समेट्न मन लागेको भाव प्रस्तुत गरेका छन् । यसमा सारा कुरा समेटेर आनन्दको मार्ग भएर यात्रा गर्ने कविको चाहना यसरी प्रकट भएको छ :

अनि
आनन्दको मार्ग भएर
त्यही ठाउँमा पुग्न मन हुन्छ
जहाँ पुगेपछि
पाउनलाई बाँकी फेरि
केही हुने छैन.... (प्रिय मौनता, पृ. ७९)

उल्लिखित साक्ष्यमा कविले आनन्दको अनुभूतिको चाहना राखेका छन् । उनी आनन्दको अनुभूतिको त्यो विन्दुमा पुग्न चाहन्छन् जहाँ पुगेपछि पाउनलाई केही बाँकी नहोस् । यसमा अचेतन मनका तहमा जमेर बसेका अतीतका क्षणहरूलाई स्मरण गर्दै विगतमा कतिपय कारणबाट आफूले पूरा गर्न नपाएका र अधुरै रहेका चाहना वा अभिलाषाहरूलाई समेटेर वर्तमानमा आफूले तिनलाई पूरा गर्न चाहेको र आफू सन्तुष्ट हुन खोजेको कविको आशय अभिव्यञ्जित छ। यसमा व्यक्तिले हरेक क्षण आनन्दानुभूति गर्न चाहन्छ तर विविध कारणवश चाहना पूरा गर्न नसकेको खण्डमा त्यस्ता अधुरा चाहनाहरूस्मृतिमा आइरहन्छन् अनि व्यक्तिले पुनः ती चाहना पूरा गर्न खोज्छ भन्ने भावार्थ प्रस्तुत भएको पाइन्छ ।

प्रस्तुत सङ्ग्रहका कतिपय कवितामा व्यक्तिले मौनताको खोजी गर्ने, मौनताका अवस्थामा बाहिरबाट व्यक्ति आवाजविहीन र स्थिरझैँ देखिए पनि उसको अन्तर्मन भने चलायमान रहने, व्यक्तिले भित्रभित्रै जीवनका विविध पक्षका बारेमा धारणा बनाउने र उसको मनले भने सुन्दर जीवनको परिकल्पना गर्दै यात्रा गरिरहेको हुन सक्छ भन्ने कविको दृष्टिकोण अभिव्यक्त छ । कविले मौनताको उपासना गर्दै आनन्दको मार्गमा, ज्ञानको ज्योति बालेर शान्तिको मार्गमा अघि बढ्ने आफ्नो चाहना भएको उल्लेख गरेका छन् ।

**निष्कर्ष**

*प्रिय मौनता* उपासना कवितासङ्ग्रहमा कवि नेत्र एटमले आफूलाई मौनता निकै प्रिय लाग्ने विचार प्रस्तुत गर्दै मौनताको उपासना गरेर कविताहरूको रचना गरेका छन् । यसमा वर्तमानको बाहिरी संसार भिडभाड र कोलाहलमय भएकाले आफूले मौनताको खोजी गरेको कविको विचार व्यक्त भएको छ। अमेरिकी लेखक सुजन सोन्ट्यागले भनेजस्तै बाहिरबाट मौन वा आवाजविहीनझैँ देखिए पनि मनको भित्री तहमा भने गतिशीलता रहने र आन्तरिक रूपमा चिन्तन भइरहने हुनाले कलाकारले कला सिर्जना गर्न सफल हुन्छ भन्ने दृष्टिकोण एटमका कवितामा मेल खाएको पाइन्छ । यस सङ्ग्रहका कतिपय कवितामा कविका अचेतन मनका तहमा जमेर बसेका विगतका विविध चाहना वा अभिलाषाले कविताको स्वरूप ग्रहण गरेका हुनाले तिनमा अचेतनको अभिव्यञ्जना भएको पाइन्छ। यसका कतिपय कवितामा कविले मौनताका कारण नवीन सिर्जना सम्भव हुने, व्यक्तिका अन्तर्मनका भावनाले बाहिर प्रकटित हुन पाउने दृष्टिकोण पनि प्रस्तुत गरेका छन् । कविता वा कुनै नवीन कुराको सिर्जनाका लागि मौनता अपरिहार्य हुने र मौनताले सर्जकको आत्मविस्फोट भई सिर्जनाको स्वरूप ग्रहण गर्ने कविको विचार छ । यस सङ्ग्रहका कतिपय कवितामा भने विभेदकारी समाजमा विविध आधारबाट

सबाल्टर्न जीवन गुजारिरहेका व्यक्तिहरूका पीडा तथा कष्टका साथै प्रभुत्वशाली व्यक्ति तथा वर्गले शक्तिका माध्यमबाट वर्चस्व कायम गरी सीमान्तीयहरूलाई आफ्नो अनुकूल प्रयोग गर्न खोजेका कारण कैयौँ व्यक्तिले विभेद, अन्याय, शोषण र अत्याचार सहनु परिरहेको चित्रण गर्दै सबाटर्न बनिरहेका व्यक्तिहरू बाहिरबाट मौन देखिए पनि उनीहरूमा आफूमाथि भइरहेको विभेद, अन्याय, शोषण र अत्याचारका विरुद्ध विद्रोही भाव सिर्जना भइरहेको हुन सक्ने र त्यसले एक्कासि ज्वालामुखीको रूप लिई बाहिर प्रकटित हुन सक्ने विचार पनि प्रस्तुत गरिएको छ । त्यसै गरी यसका कतिपय कवितामा चाहिँ कविले व्यक्ति बाहिरबाट मौन देखिए पनि उसभित्र विविध विचार जन्मिन सक्ने, उसको मन भने स्थिर नभई चलायमान हुन सक्ने र उसले जीवनयात्राका लागि विभिन्न धारणाको विकास गर्न सक्छ भन्ने दृष्टिकोण पनि प्रस्तुत गरेका छन् । यसरी मौनताको उपासना गर्दै रचना गरिएका यस सङ्ग्रहका कवितामा मौनताले कविता सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेको, बाहिरी कोलाहलमय वातावरणबाट आफूलाई टाढा राख्न, ध्यान केन्द्रित गर्न र जीवनसम्बन्धी चिन्तन गर्न सहयोग पुगेको, वर्तमानको जीवन विगतका भोगाइ, अनुभव र अनुभूतिको सँगालो भएको र तिनलाई चाहेको बखत भुल्न नसकिने, अन्तर्मनले तिनलाई सम्झाइरहने र वर्तमानमा अघि बढ्न प्रेरणा मिल्ने, यस्ता विविध पक्षले आफ्नो सिर्जना पूर्ण बन्न सकेको कविको विचार देखिन्छ । यस अर्थमा *प्रिय मौनता* नेपाली कविताको परम्परामा नीरवताको सौन्दर्यशास्त्रलाई मौलिक ढङ्गले स्थापित गर्ने महत्त्वपूर्ण कृति हो ।

**सन्दर्भसामग्री सूची**


उप्रेती, सञ्जीव. (२०६९). *सिद्धान्तका कुरा.* चौथो संस्क. काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०७७). *प्रिय मौनता,* काठमाडौँ : शिखा बुक्स ।

एटम, नेत्र (२०७७). उपासना कविता र मौनताको उपासना. *प्रिय मौनता,* काठमाडौँ : शिखा बुक्स. पृ. १०५-११४ ।

ज्ञवाली, विष्णुप्रसाद (२०७३). *सांस्कृतिक अध्ययन र विकलका उपन्यास,* काठमाडौँ : तन्नेरी प्रकाशन ।

दमाईं, पुष्प (२०७७). प्रिय मौनता र नीरवताको सौन्दर्यशास्त्र. प्रिय मौनता, काठमाडौँ : शिखा बुक्स. पृ. ९१-१०४ ।

पौड्याल, एकनारायण. (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* चितवन : विमर्श नेपाल ।

म्याकलेड, एस.ए. / McLeod, S. A. (2015). *Unconscious mind.Simply Psychology.* (https://www.simplypsychology.org/unconscious-mind.html)

सोन्ट्याग, सुजनरSontag, Susan, (1967), *The Asthetics of Silence.* (http://www.kim-cohen.com/Assets/CourseAssets/Texts/Sontag_The%20Aesthetics%20of%20Silence.pdf)